आज मिति २०८१ साल मङ्सिर ३०गतेका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रविप्रकाश राईको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति:

१. गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राई
२. -॥- -॥- उपाध्यक्ष श्री बिर्लिका राई
३. १नं. वडा अध्यक्ष श्री हेमन राई
४. २नं. वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई
५. ३नं. वडा अध्यक्ष श्री गोविन्द तामाङ
६. ४नं. वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल (अनुपस्थित)
6. ५नं. वडा अध्यक्ष श्री जीवन खत्री न्यौपाने
८. कार्यपालिका सदस्य श्री मनकुमारी राई
९. -॥- -॥- श्री सुजला वि.क.
१०. -॥- -॥- श्री भगवती वि.क.
११ -॥- -॥- श्री सर्मिला कट्टेल
१२. -॥- -॥- श्री दिपक सुनार
१३ -॥- -॥- श्री नरबहादुर दर्जी
१४. सदस्यसचिव नि.प्र.प्र.अ. श्री दुर्गाबहादुर राई

आमन्त्रित:

१. MIS operator श्री डिल्लीमान राई

सहयोगी कर्मचारी

१. राजन खड्का
३. डम्बरकुमारी सुनुवार
२. नरेन्द्रराज भुसेल

प्रस्ताव तथा कार्यसूची

१. साकेला गाउँपालिकाको निर्देशिका तथा कार्यविधि सम्बन्धमा ।
क) साकेला गाउँपालिकाको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका, २०८१ को मस्यौदा सम्बन्धमा ।
ख) बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१ सम्बन्धमा ।

बैठक संख्या - ५

आज मिति २०८१ साल मङ्सिर २०गतेका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो।

उपस्थिति:-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई
२. —॥—॥— उपाध्यक्ष श्री बिर्सिका राई
३. १नं. वडा अध्यक्ष श्री हेमन्त राई
४. २नं. वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई
५. ३नं. वडा अध्यक्ष श्री गोविन्द तामाङ
६. ४नं. वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल (अनुपस्थित)
७. ५नं. वडा अध्यक्ष श्री जीवन खत्री न्यौपाने
८. कार्यपालिका सदस्य श्री मनकुमारी राई
९. —॥—॥— श्री सुजता वि.क.
१०. —॥—॥— श्री भगवती वि.क.
११ —॥—॥— श्री सर्मिला कट्टेल
१२. —॥—॥— श्री दिपक सुनार
१३ —॥—॥— श्री नरबहादुर दर्जी
१४. सदस्यसचिव नि.प्र.प्र.अ. श्री दुर्गबहादुर राई

आमन्त्रित:-

१. MIS operator श्री डिल्लीमान राई

सहयोगी कर्मचारी

१. राजन खड्का — ३. डम्बरकुमारी सुनुवार
२. नइन्द्रराज भुजेल

प्रस्ताव तथा कार्यसूची

१. साकेला गाउँपालिकाको निर्देशिका तथा कार्यविधि सम्बन्धमा।
क) साकेला गाउँपालिकाको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका, २०८१ को मस्यौदा सम्बन्धमा।
ख) बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१ सम्बन्धमा।

ग, साकेला गाउँपालिकाको लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१ सम्बन्धमा।

२, साकेला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको नियमित आर्थिक/प्रशासनिक कामकाज गर्ने कर्मचारी तोक्ने सम्बन्धमा।

३, विविध

निर्णयहरु:-

प्रस्ताव नम्बर १ माथी छलफल गर्दा साकेला गाउँपालिकाको व्यवस्थापन, सञ्चालन र पारदर्शिताकोलागि तपशिल बमोजिमको निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

क) साकेला गाउँपालिकालाई उपलब्ध स्रोत साधनको परिचालन एवम् उपयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न, सरकारी खर्चहरु कानूनद्वारा सीमाबद्ध गरी सार्वजनिक कोषको सदुपयोग गर्नको लागि 'साकेला गाउँपालिकाको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका, २०८१" मस्यौदा उपर छलफल हुँदा आगामी बस्ने कार्यपालिका बैठकबाट स्वीकृत गरी गाउँसभामा लैजाने निर्णय गरियो।

ख) प्रस्ताव नम्बर १ को 'ख' माथी छलफल गर्दा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको प्रवर्द्धन गरी सुशासन अभिवृद्धि गर्न बालमैत्री स्थानीय तह निर्माण गर्न बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९८९, नेपालको संविधान २०७२, बालअधिकार सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी साकेला गाउँपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि २०८१ कार्यान्वयन गरी गाउँसभामा पारित गर्ने निर्णय गरियो।

ग) प्रस्ताव नम्बर १ को (ग) माथी छलफल गर्दा साकेला गाउँपालिकाको नियमित कार्यमा सहयोग पुऱ्याउन, गाउँपालिकाको वित्तिय व्यवस्थापनमा मितव्ययिता, पारदर्शिता कायम राख्न, समितिको गठन, कामकारवाही र आफ्नो कार्यप्रणालीलाई व्यवस्थितगर्नको

लागि तपशिल बमोजिमको सदस्य रहने गरी लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१ बमोजिम गठन गर्ने निर्णय गरियो।

तपशिल:-

संयोजक - जीवन खत्री न्यौपाने

सदस्यहरु - दिपक सुनार

- भगवती विश्वकर्मा

- जितेन्द्र कुमार राई

सदस्य सचिव - लेखा /अधिकृत

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा यस साकेला गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त हुँदा गाउँपालिकाबाट गर्नुपर्ने विकास निर्माण, दैनिक आर्थिक प्रशासनिक, योजना सम्झौता, ठेक्का तथा बोलपत्र आह्वान /सम्झौतामा समस्या सृजना भई कामकाजमा अवरोध पुगेको हुँदा अर्को प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन नभइन्जेल सम्मको लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४ को उपदफा ४ बमोजिम साकेला गाउँपालिकामा अधिकृत सातौं तहमा कार्यरत श्री दुर्गा बहादुर राईलाई आर्थिक /प्रशासनिक कामकाज गर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी माइन्युट पठाउने निर्णय गरियो।

प्रस्ताव नम्बर ३ को विविध माथि छलफल गर्दा आगामी दिनमा साकेला गाउँपालिका भित्र जन्मने नवजात शिशुहरुको भविष्य सुनिश्चित गर्नको लागि बढ्दो बसाइसराईलाई न्यूनिकरण गरी भविष्यमा शैक्षिक आर्जनमा सहजता पुर्‍याउने उद्देश्यका साथ जन्मने हरेक नवजात शिशुको नाममा बैंक खाता खोली रकम जम्मा गरिदिने र उक्त रकम व्यवस्थापन, खर्च गर्ने अख्तियारीको लागि छुट्टै कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने निर्णय गर्दै आजको बैठक यहीं समाप्त गर्ने निर्णय गरियो।